गरुडा नगरपालिका

Garuda Municipality

# नगर कार्यपालिकाको कार्यालय

## Office of The Municipal Executive

गरुडा, रौतहट

Garuda, Rautahat

मधेश प्रदेश, नेपाल

Madhesh Province, Nepal

**(दोस्रो पटक प्रकाशित सूचना मिति २०८१/०७/२६ गते)**

गरुडा नगरपालिका नगर शिक्षा समितिको मिति २०८१/०६/०८ गतेको निर्णयानुसार यस पालिकाको मिति २०८१/०६/११ गतेको विज्ञापन बमोजिम सामुदायिक विद्यालयहरुमा आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९ र १०) को लागि देहाय बमोजिमको तह र विषयगत पदमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा निम्न उल्लिखित मागपद सङ्ख्यामा स्वयंसेवक करार शिक्षक पदपूर्तिको लागि दरखास्त आह्वान भएकोमा मापदण्ड सहित माग अनुसारको दरखास्त पर्न नआएकोले तपसिल बमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यस पालिकामा दरखास्त पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**(क)आधारभूत तह (कक्षा ६-८) तर्फः**

| समूह | विज्ञापन नं. | विषय | माग सङ्ख्या |
|---|---|---|---|
| खुला | ६/०८१/०८२ | विज्ञान | १ |

**(ख)माध्यमिक तह (कक्षा ९ र १०) तर्फः**

| समूह | खुला | | | |
|---|---|---|---|---|
| विज्ञापन नं. | ८/०८१/०८२ | ९/०८१/०८२ | १०/०८१/०८२ | ११/०८१/०८२ |
| विषय | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान |
| माग संख्या | २ | १ | १ | १ |

१. परीक्षाको किसिमः (क) लिखित परीक्षा (सामान्य र विषयगत)
(ख) अन्तर्वार्ता

२. लिखित परीक्षाको मिति, समय र स्थान पछि तोकिने छ ।

३. अन्तर्वार्ता हुने मिति, समय र स्थान लिखित परीक्षा (सामान्य र विषयगत) को नतिजा प्रकाशन हुँदा तोकिने छ ।

४. परीक्षा दस्तुरः
(क) आधारभूत तह (कक्षा ६-८) को हकमा रु. १,४००।- (एक हजार चार सय) र
(ख) माध्यमिक तह (कक्षा ९ र १०) तर्फ रु. २,०००।- (दुई हजार) का दरले दस्तुर बुझाउनु पर्नेछ ।

५. दरखास्त दिने अन्तिम मितिः २०८१/०८/०३ गतेसम्म । (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट समेत ।)

६. दरखास्तको माध्यमः विज्ञापन भएको पदमा पालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा दरखास्त पेश गर्नुपर्ने छ । दरखास्त पेश गर्ने विधि सम्बन्धी विस्तृत जानकारी पालिकाको शिक्षा युवा तथा खेलकुद शाखाबाटै प्राप्त गर्न सकिनेछ ।

७. दरखास्त दस्तुर बुझाउने बैक र फाराम भर्ने विधि :
दरखास्त दिने अन्तिम दिन भित्र ३:०० बजे सम्म गरुडा नगरपालिकाको **NIC ASIA बैंकमा रहेको आन्तरिक राजश्व खाता २४१२०५०५२५९१८००८** मा राजश्व तिरेको सक्कल भौचर र पछि सम्म फरक नपर्ने गरी उम्मेदार स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुको पञ्जिका सहित कालो मसीको प्रयोग गरेर दरखास्त फाराम भर्नु पर्ने छ :

०८१/०८/२६

मुहम्मद मुस्ताक आलम
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- नेपाली नगरिकताको प्रतिलिपि
- न्यूनत्तम शैक्षिक योग्यताको लाब्धाङ्क पत्रको प्रतिलिपि
- चारित्रिक प्रमाण पत्रको प्रतिलिपि
- स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि
- तालिमको प्रमाणपत्रको प्रतिलिपि
- अनुभव खुल्ने प्रमाण पत्र
- दुबै कान स्पष्ट देखिने गरी हालसालै खिचेको ३ (तीन) प्रति पासपोर्ट सइजको फोटो

दरखास्तमा उल्लेख गरेको विवरण र पेश गरिएका कागजातहरुको आधिकारिकता सम्बन्धमा सम्बन्धित उम्मेदवार स्वयम् नै पूर्ण जवाफदेही हुनुपर्ने छ । उल्लिखित विवरण एवम् कागजात झुट्टा ठहरेमा वा तोकिएको कागजात पेश नगरेमा त्यस्तो दरखास्त जुनसुकै समयमा रद्द हुनेछ ।

८. उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता:

(क) नेपाली नगरिक

(ख) १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

(ग) स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको

(घ) मगज नबिग्रेको

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको

(च) शैक्षिक योग्यता देहाय बमोजिम हुनु पर्नेछ :

- आधारभूत तह (कक्षा ६-८) को हकमा सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको
- मा.वि तह (कक्षा ९-१०) को हकमा सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उतीर्ण गरेको

९. विदेशी शिक्षण संस्थाबाट अध्ययन गरेका उम्मेदवारले नेपालको सम्बन्धित निकायबाट समकक्षता निर्धारण गरेको प्रमाण पत्र पेश गर्नु पर्ने छ ।

१०. परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम नै हुनेछ ।

११. स्वयंसेवक करार शिक्षकको तलब भत्ता गरुडा नगरपालिका नगर कार्यपालिकाले तोके बमोजिम र सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(मुहम्मद मुस्ताक आलम)
प्रमुख प्रशासकीय अधिकृत

मुहम्मद मुस्ताक आलम
प्रमुख प्रशासकीय अधिकृत